Nepali

**Office of English Learners**
*615 Fessey Park Rd. , Nashville, TN 37204*
*(615) 259-8608  Fax  (615) 214-8655*

**दर्ता प्रक्रियाहरु:**

यदी तपाई वा तपाईंको बच्चा अंग्रेजी भन्दा अन्य भाषा बोल्नु हुन्छ भने, उ / उनीलाई International Student Registration Center को Office of English Learners मा मूल्यांकन गर्नुपर्छ |

**तपाईले आफ्नो अपोइमेन्टमा यो मुनिको कागत पत्रहरु ल्याउनै पर्छ**

- विद्यार्थीको जन्म प्रमाणपत्र, I-94, पासपोर्ट वा भिसा।
- खोप रेकर्ड TN Format मा
- विद्यार्थीको अमेरिका (U.S.A) मा गरिएको भौतिक परीक्षण प्रमाण पेश गर्नुहोस जुन १ वर्ष भन्दा पुरानो पुरानो नभएको होस्। →
- ठेगानाको प्रमाण ( अभिभावको नाममा भएको पानी, बिजुली, टेलिफोन बिल वा भाडा लीज अनुबंध)।
- एक अभिभावक / कानूनी अभिभावक तस्वीर आईडी संग हाजिर हुनुपर्छ।
- अघिल्लो विशेष शिक्षासेवाहरु यदी उपलब्ध छ भने।
- स्कूल रेकर्डहरु यदि सबै ग्रेडको उपलब्ध छ भने विशेष गरी ९औ-१२औ ग्रेड विद्यार्थीहरूको लागि।




**कृपया** परीक्षण र दर्ता प्रक्रिया पूरा हुन १ घण्टा देखि २ घण्टा (प्रति विद्यार्थी) लाग्न सक्छ | सचेत हुनुहोस् <u>विशेष अवस्थाहरुमा</u> प्रक्रियालाई लामो समय लग्न सक्छ, त्यसैले तदनुसार आफ्नो तालिका योजना बनाउनुहोस्| रिसेप्शन (स्वागत) क्षेत्र सानो छ र परिक्षणको लागि शान्त हुन आवश्यक छ। तपाई नियुक्ति गर्न आउदा परिवारका सदस्यहरुको संख्या सीमित होओस।

**<u>आफ्नो अपोइमेन्ट समयमा के प्रत्याशा गर्न सक्नुहुन्छ:</u>**

- कर्मचारीले स्कूलको लागि आवश्यक दस्तावेजको कापीहरु बनाउनेछन्।
- तपाईंलाई कर्मचारीले दर्ता कागजी भर्न मदत गर्नेछन् र विद्यार्थीको अघिल्लो शिक्षाको बारे केही प्रश्नहरु सोध्नेछन्।
- तपाईंको बच्चालाई अंग्रेजी प्रवीणता परीक्षण (English proficiency test) दिइनेछ।
- यदि आवश्यक भएमा तपाईंलाई आफ्नो बच्चाको लागि अंग्रेजी अध्ययन सेवाहरु (English Learner Services) प्रस्ताव गरिनेछ।
- आफ्नो परिवारको ठेगाना आधारित तपाईंलाई आफ्नो बच्चा कुन स्कूलमा नियुक्त गरिनेछ भन्ने बारेमा जानकारी दिइनेछ।

**<u>तपाईंको अपोइमेन्ट पछि:</u>**

- यदि आफ्नो बच्चा K-८ औं (K-8th) ग्रेडमा छ भने कक्षाहरू सुरु गर्नको लागि कागत पत्र आफ्नो बच्चाको स्कूलमा लैजानुहोस्।
- यदि आफ्नो बच्चा  हाई स्कूल (HS) मा छ भने कागत पत्र ग्रेड (कक्षा) नियुक्ति (grade placement) को लागि आफ्नो बच्चाको स्कूलमा लैजानुहोस्।